**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ नोभेम्बर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि केंद्रीय गृह मंत्री अमित शाह दुई दिवसीय झारखंड भ्रमणमा हिज राती रांची पुग्नुभएको छ। उहाले प्रदेश भाजपा नेताहरु सित चुनावको तैयारिहरु बारे समीक्षा गर्नुहुनेछ।
- रक्षा मंत्री राजनाथ सिंहले भन्नुभएको छ कि भारतको आत्मनिर्भर अभियानको अपेक्षित परिणाम प्राप्त भैरहेको छ अनि cवर्ष 2029-30 सम्म देशको रक्षा निर्यात 50 हज़ार करोड़ रुपियाँ सम्म पुग्ने दिशातर्फ अग्रसर छ।
- विदेश मंत्री डॉक्टर सुब्रहमण्यम जयशंकर आज देखि ऑस्ट्रेलिया अनि सिंगापुरको 6 दिनको यात्रामा रहनुहुनेछ।
- संस्कृति मंत्रालयले अंतर्राष्ट्रीय बौद्ध संघको सहयोग द्वारा 5 अनि 6 नवंबरको दिन नयाँ दिल्लीमा प्रथम एशियाई बौद्ध शिखर सम्मेलन आयोजित गरिरहेको छ।
- केमी बेडनॉक ब्रिटेनको कंजर्वेटिव पार्टीका नेता चुनीएका छन्। उहाँ ब्रिटेनमा कुनै प्रमुख राजनीतिक दलको नेतृत्व गर्ने पहिलो अश्वेत नेता बनेका छन्।
- भारतका अतनु दासले स्विट्जरलैंडको लुसानेमा आयोजित **स्विस ओपन इंडोर तीरंदाजी टूर्नामेंट** मा कांस्य पदक जितेका छन्।

**झारखंड-अमित शाह**

भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि केंद्रीय गृह मंत्री अमित शाह दुई दिवसीय झारखंड भ्रमणमा हिज राती रांची पुग्नुभएको छ। श्री शाहले प्रदेश भाजपा नेताहरु सित चुनावको तैयारिहरु बारे समीक्षा गर्नुहुनेछ। झारखंड विधानसभा चुनाव प्रभारी शिवराज सिंह चौहानले भन्नुभयो कि श्री शाहले आज पार्टीको संकल्प पत्र जारी गर्नुहुनेछ। उहाले आज घाटशिलाको धालभूमगढ़, हज़ारीबागको बरकट्ठा अनि चतराको सिमरियामा तीनवटा चुनावी रैलिहरुलाई पनि संबोधित गर्नुहुनेछ।

****** ० ******

**राजनाथ-रक्षा निर्यात**

रक्षा मंत्री राजनाथ सिंहले भन्नुभएको छ कि भारतको आत्मनिर्भर अभियानको अपेक्षित परिणाम प्राप्त भैरहेको छ अनि वर्ष 2029-30 सम्म देशको रक्षा निर्यात 50 हज़ार करोड़ रुपियाँ सम्म पुग्ने दिशातर्फ अग्रसर छ। भारतीय प्रौद्योगिकी संस्थान

-कानपुरको 65ओ स्थापना दिवस समारोहलाई संबोधित गर्दै उहाले भारतीय युवाहरुसित प्रधानमंत्री नरेंद्र मोदीको विकसित भारतको भविष्य दृष्टि साकार गर्न उच्च स्वदेशी प्रौद्योगिकी क्षमता विकसित गर्ने आह्वान गर्नुभयो । रक्षा मंत्रीले युवा इंजीनियरहरुसित आफ्नो क्षमताको उपयोग गरेर आधुनिक प्रौद्योगिकी विकसित गर्ने अनि देशको प्रगतिमा योगदान दिने आह्वान गर्नुभयो। आईआईटी कानपुर जस्ता संस्थानहरुलाई उहाले अकादमिक इंजन बताउनुभयो जसले वर्तमानमा प्रतिस्पर्धीको समयमा स्वदेशी प्रौद्योगिकीमा गतिशीलता प्रदान गर्न सक्छ । श्री राजनाथ सिंहले भन्नुभयो कि आत्मनिर्भरता प्राप्त गर्ने सरकारको प्रयास अत्यधिक सफल भैरहेको छ अनि रक्षा निर्यात जो 10 वर्ष पुर्ब लगभग 600 करोड़ थियो अब वित्तीय वर्ष 2023-24 मा 21 हज़ार करोड़ रुपियाँ भन्दा अधिक भएको छ । रक्षा मंत्रीले बर्ष 2029-30 सम्म रक्षा निर्यात 50 हज़ार करोड़ रुपियाँ सम्म पुग्ने संभावना ब्येक्त गर्नुभएको छ। वैश्विक संघर्षहरु बीच रक्षा पारिस्थितिकी तंत्रमा प्रौद्योगिकीको बढ़दो भूमिकाको उल्लेख गर्नुहुदै रक्षा मंत्रीले भन्नुभयो कि ड्रोन, लेजर युद्ध, साइबर युद्ध, सटीकता सित प्रहार गर्ने निर्देशित मिसाइलहरु अनि ध्वनिको गति भन्दा पांच गुना अधिक गति भएको हाइपरसोनिक मिसाइलहरुको प्रयोगले युद्ध अब प्रौद्योगिकी आधारित बनेको छ । उहाले स्वदेशी प्रौद्योगिकीको प्रयासमा सरकारको पूर्ण समर्थनको आश्वासन दिदै भारतलाई रक्षा क्षेत्रमा आत्मनिर्भर बनाउनको लागी निजी क्षेत्र अनि शैक्षणिक जगत लगाएत सबै हितपक्षहरुलाई साथमा ल्याउने प्रतिबद्धता दोहोर्याउनु भयो ।

****** ० ******

जयशंकर-आस्ट्रेलिया/सिंगापुर

विदेश मंत्री डॉक्टर सुब्रहमण्यम जयशंकर आज देखि ऑस्ट्रेलिया अनि सिंगापुरको 6 दिनको यात्रामा रहनुहुनेछ । यस अवधि मंत्री ब्रिसबेन जानुहुनेछ अनि ऑस्ट्रेलियामा भारतको चौथो वाणिज्य दूतावासको उदघाटन गर्नुहुनेछ । उहाले कैनबरामा ऑस्ट्रेलियाका विदेश मंत्री **पेन्नी वोंग** सित विदेश मंत्री स्तरीय रूपरेखा संवादको 15ओ बैठकको सह-अध्यक्षता गर्नुहुनेछ ।विदेश मंत्रीले ऑस्ट्रेलियाको संसद भवनमा दोश्रो **रायसीना डाउन अंडर** को उदघाटन सत्रलाई पनि संबोधित गर्नुहुनेछ । डॉक्टर जयशंकरले ऑस्ट्रेलियाका नेताहरु, सांसदहरु, प्रवासी भारतीय समुदायका सदस्य, ब्यबसायी जगतका प्रतिनिधिहरु, मीडिया अनि अन्य प्रबुद्धजनहरुसित पनि बातचीत गर्नुहुनेछ।यात्राको दोश्रो चरणमा डॉक्टर जयशंकर आठ नवम्बरको दिन सिंगापुर जानुहुनेछ । यस अवधि उहाले आसियान-भारत थिंक टेंक को 8ओ वार्तालाई पनि संबोधित गर्नुहुनेछ । उहाले दुवै देशहरु बीच नजिकको साझेदारीको समीक्षा अनि द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउन बिभिन्न तरीकाहरु खोज्न सिंगापुरका नेताहरु सित बैठक गर्नुहुनेछ।

****** ० ******

**मणिपुर राज्यपाल -नयाँ शिक्षा नीति**

मणिपुरका गभर्नर लक्ष्मण प्रसाद आचार्यले केन्द्रीय अनि राज्य विश्वविद्यालयका उपकुलपति अनि रजिस्ट्रारहरूलाई नयाँ शिक्षा नीति-२०२० लाई पूर्ण इमानदारीका साथ लागू गर्न आग्रह गर्नुभयो। राज्यपालले इम्फाल राजभवनमा केन्द्रीय अनि राज्य विश्वविद्यालयका कुलपतिहरू अनि रजिस्ट्रारहरूसँगको बैठकमा मणिपुरमा नयाँ शिक्षा नीतिको पूर्ण कार्यान्वयनको बारेमा छलफल गर्नुभयो। श्री आचार्यले शिक्षालाई प्रयोगात्मक, समग्र, एकीकृत, ज्ञानमूलक, अनुकूलनीय अनि मनोरञ्जनात्मक बनाउन नयाँ शिक्षा नीतिको पूर्ण कार्यान्वयनमा उपकुलपतिहरूले उत्प्रेरक बन्ने बताउनुभयो ।

****** ० ******

रेलवे विशेष ट्रेनें

रेलवेले छठपुजा अनि अन्य चाडपर्वको अवसरमा विशेष रेलगाडीहरु सञ्चालन गरिरहेको छ। राष्ट्रिय राजधानी दिल्लीका प्रमुख रेलवे स्टेसनहरू अनि अन्य स्टेशनहरु दरभंगा, राँची, पटना, कटरा, मुजफ्फरपुर, बलिया, कामाख्या र आजमगढबाट पनि लगभग २० विशेष रेलगाडीहरू चलाइनेछ।

****** ० ******

**बौद्ध संघ-सम्मेलन**

संस्कृति मंत्रालयले अंतर्राष्ट्रीय बौद्ध संघको सहयोग द्वारा 5 अनि 6 नवंबरको दिन नयाँ दिल्लीमा प्रथम एशियाई बौद्ध शिखर सम्मेलन आयोजित गरिरहेको छ। एशियालाई बलियो बनाउनमा बुद्ध धम्मको भूमिका विषय माथि आयोजित सम्मेलनमा राष्ट्रपति द्रौपदी मुर्मु मुख्य अतिथिको रुपमा सामेल हुने संभावना छ। शिखर सम्मेलनमा समस्त एशियाको विभिन्न बौद्ध परंपराहरुका संघ नेताहरु, विद्वानहरु, विशेषज्ञोंहरु अनि अभ्यासकर्ताहरुको समागम हुनेछ अनि उनीहरुले बातचीत , आपसी समझ तथा बौद्ध समुदायको समकालीन चुनौतिको समाधानबारे चर्चा गर्नेछन्। बौद्ध धर्मको भारत अनि एशियाभरिनै आध्यात्मिक अनि सांस्कृतिक इतिहासमा विशिष्ट स्थान छ। यो शिखर सम्मेलन समस्त एशियामा बुद्ध धम्मको विविध परम्पराहरुलाई एकै साथ ल्याउने अनौठो अवसर हो।

****** ० ******

**ब्रिटेन-कंजर्वेटिव पार्टी नेता**

केमी बेडनॉक ब्रिटेनको कंजर्वेटिव पार्टीका नेता चुनीएका छन्। उहाँ ब्रिटेनमा कुनै प्रमुख राजनीतिक दलको नेतृत्व गर्ने

पहिलो अश्वेत नेता बनेका छन्। वाणिज्य अनि व्यापारका पूर्व सहायक मंत्री बेडनॉकले पूर्व आव्रजन सहायक मंत्री रॉबर्ट जेनरिकलाई पराजित गरेर 57 प्रतिशत मत प्राप्त गरे। देशको आम चुनावमा कंजर्वेटिव पार्टीको लेबर पार्टीको हार पछि गत 5 जुलाईमा पूर्व प्रधान मंत्री ऋषि सुनकले राजिनामा दिने घोषणा गरे पछि पार्टीमा नेतृत्वको होड़ शुरू भएको थियो। 29 जुलाईमा पार्टीको नेतृत्व चयन समितिले 6 जना दावेदारहरुको घोषणा गरेको थियो। अंतिम विजेताबारे निर्णय गर्न कंजर्वेटिव पार्टीले पार्टी सदस्यहरुलाई 15 अक्टूबर देखि 31 अक्टूबर बीच मतदान गर्न भनेको थियो। ब्रिटेनका प्रधान मंत्री कीर स्टार्मरले केमी बेडनॉकलाई उहाको चुनावी जीतमा बधाई दिनुभएको छ।

****** ० ******

## एनालॉग अंतरिक्ष मिशन

भारतीय अंतरिक्ष अनुसंधान संगठन -इसरो ले अंतरग्रहीय आवासमा जीवनको अनुकरण गर्नको लागि लद्दाखको लेहमा देशको पहिलो एनालॉग अंतरिक्ष मिशनको शुरूआत गरेको छ। यो कदम भारतको भविष्यमा चंद्रमामा मानव पठाउने योजनाको दृष्टिले महत्वपूर्ण छ। एनालॉग अंतरिक्ष मिशन पृथ्वीमा अंतरिक्ष वातावरणसित भौतिक समानताहरु राख्ने अनि अंतरिक्ष उड़ान अनुसंधानको लागि समस्या समाधानमा महत्वपूर्ण भूमिका रहेको स्थानहरुको परीक्षण हो। लद्दाखको भौगोलिक विशेषताहरु मंगल ग्रह अनि चंद्र परिदृश्यको समान भएकोले यस क्षेत्रलाई एनालॉग मिशनको लागि चुनिएको हो।

****** ० ******

## पंजाब -नार्को तस्करी

पंजाबमा सीमा पारबाट मादक पदार्थहरुको तस्करी जारी छ। राज्यमा यस वर्ष अहिले सम्म एक हजार किलोग्राम भन्दा अधिक हेरोइन जफत गरिसकिएको छ। सीमा सुरक्षा बल अनि पंजाब पुलिसले भारी मात्रामा नशीलु पदार्थ जफत गरेका छन् अनि 10 हजार भन्दा अधिक तस्करहरुलाई पक्राउ गरेका छन्।

****** ० ******

## **स्पेन बाढी**

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले भ्यालेन्सिया क्षेत्रमा बाढी पीडितका लागि थप ५ हजार सैनिक, ५ हजार पुलिस अधिकारी अनि सिभिल गार्ड तैनाथ गर्न निर्देशन दिनुभएको छ। बाढीपहिरोलाई तत्काल सम्बोधन गर्न नसक्दा स्थानीय बासिन्दामा आक्रोश छ।

****** ० ******

## तीरंदाजी

भारतका अतनु दासले स्विट्जरलैंडको लुसानेमा आयोजित **स्विस ओपन इंडोर तीरंदाजी टूर्नामेंट** मा कांस्य पदक जितेका

छन्। अतनु दासले स्विट्जरलैंडका थॉमस रूफरलाई 6-4 ले पराजित गरे। यस भन्दा पुर्ब सेमीफाइनलमा अतनुले फ्रांसका रोमेन फिचेट बिरुद्ध 4-6 ले हारको सामना गर्नु परेको थियो। रोमेनले रजत अनि इटलीका एलेसेंड्रो पाओलीले स्वर्ण पदक जीतेका छन्। यस प्रतियोगितामा 31 देशहरुका 300 भन्दा अधिक तीरंदाजहरुले भाग लिएरहेका छन्।

****** ० ******